# Trade Based Money Laundering (TBML) सम्बन्धी Virtual अन्तरक्रिया कार्यक्रम सम्पन्न

वित्तीय जानकारी इकाई (FIU-Nepal) ले मिति २०७८ चैत्र १७ गते Trade Based Money Laundering (TBML) सम्बन्धी Virtual माध्यमबाट अन्तरक्रिया कार्यक्रम सम्पन्न गर्‍यो । उक्त कार्यक्रममा इकाई, बैंक सुपरिवेक्षण विभाग (नेपाल राष्ट्र बैंक), वाणिज्य बैंकहरु तथा नेपाल बैंकर्स संघका प्रतिनिधीहरुको सहभागिता रहेको थियो ।






इकाई प्रमुख दीर्घ बहादुर रावलज्यूले सहभागीहरुलाई कार्यक्रममा स्वागत गर्दै नेपालको अन्तर्राष्ट्रिय व्यापार ठूलो रहेकाले त्यहाँ हुन सक्ने सम्पत्ति शुद्धीकरणका शंकास्पद कारोबारहरु पहिचान गरी रिपोर्टिङ गर्न आवश्यक रहेको बताउनुभयो । त्यस्तै इकाईका उप-निर्देशक स्वरुप श्रेष्ठले TBML सम्बन्धी शंकास्पद कारोबारहरुको रिपोर्टिङका लागि goAML System को Test Environment मा विद्यमान Report Type मा 'STR-TBML' नामक छुट्टै Report Type थप गरेको जानकारी दिनुभयो । सम्पूर्ण वाणिज्य बैंकहरुले TBML सम्बन्धी शंकास्पद कारोबारहरुको पहिचान गर्न र STR-TBML रिपोर्ट गर्न समेत अनुरोध गर्नुभयो ।





इकाईका इन्जिनियर विवेश पोखरेलले 'STR-TBML' रिपोर्टिङ सम्बन्धी Technical प्रक्रियाबारे जानकारी गराउनु भएको थियो । नेपाल बैंकर्स संघका सिईओ अनील शर्माले सक्रिय सहभागिताका लागि वाणिज्य बैंकका सहभागीहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो । सहायक निर्देशक अमिष शर्माले सञ्चालन गर्नुभएको सो कार्यक्रममा ई. दीपक पराजुली, सहायक रन्जना गोतामे तथा यज्ञ प्रसाद सापकोटाले सहजीकरण गर्नुभएको थियो ।